**नेपाली / *NEPALI***

**लेखक:** कुलपति Blank

**दर्शक(हरू):** सबै कर्मचारीहरू

*यस सन्देशमा समेटिएको छ:*

- *शरद ऋतुको क्याम्पस परिचालनको योजनाहरू*
- *खोपको मार्गदर्शन, व्यक्तिगत-रूपको काम, मास्क लगाउने, ठाउँ पहुँच र परीक्षण*
- *संसाधनहरू*

विश्वविद्यालय शरद सेमेस्टरमा कसरी सञ्चालन गर्ने योजना बनाउँदैछ भन्ने बारेमा. म आज संकाय र कर्मचारीका लागि अपडेटको साथ लेख्दैछु।

*COVID-19* विरूद्धको अभियानमा क्याम्पस र समुदाय दुवैमा हामीले उत्साहजनक प्रगति देखिरहेका छौं। मे २०२० पछि डेन काउन्टीका केसहरू सबै भन्दा तल्लो तहमा झरेका छन्, जुन असाधारण तरिकाले राम्रो खोप लगाउने कुरामा सहभागिताबाट भएको छ। डेन काउन्टीमा खोप लिनका लागि योग्य मध्ये ७८.५% ले कम्तिमा खोपको एउटा डोज लगाएका छन्।

हामीलाई थाहा छ कि *UW-Madison* का कम्तिमा ७४% कर्मचारीहरूले कम्तिमा खोपको एउटा डोज लगाएका छन्। यो अनुमान कम हो किनभने हामीलाई थाहा छ कि धेरैजसोले *UW Health* वा अन्य क्याम्पस बाहिरका प्रदायकहरूद्वारा लगाएका छ र आफ्नो खोपको स्थिति साझा गरेका छैनन्। यदि तपाईं ती व्यक्तिहरू मध्ये एक हुनुहुन्छ भने, कृपया हामीलाई जानकारी दिनुहोला – हामी क्याम्पसमा पुनर्मिलन गर्नु अघि हामीलाई हाम्रो समुदायको खोप दरको बारेमा सकेसम्म सही जानकारी हुनु महत्त्वपूर्ण छ। यो जानकारी सांख्यिकीय र योजना उद्देश्यको लागि मात्र प्रयोग हुनेछ र हामी तपाईंको जानकारीको गोपनीयता लाई सुरक्षित राख्नेछौं।

हामीसँग विद्यार्थीहरूले लगाएका खोपहरूको बारेमा राम्रो अनुमान छैन, किनकि धेरै विद्यार्थीहरूले गर्मी महिना भरी खोप लगाउँदैछन् र ती नतिजाहरूको रिपोर्ट अहिलेसम्म गरिएको छैन। सेमेस्टरको अन्त्यसम्ममा, हाम्रो प्रमाणले सुझाव दिए अनुसार लगभग ५०% विद्यार्थीहरूले खोप लगाएका थिए। हामीलाई विश्वास छ क्याम्पसमा खोप लगाउने विद्यार्थीहरूको सङ्ख्या धेरै नै हुनेछ – हामी कम्तिमा ८०% को लक्ष्य गर्दैछौं – र खोप नलगाई आएकालाई पनि खोप लगाउन हामीले प्रोत्साहित गर्न धेरै कदम चाल्नेछौं।

सबै चिकित्सा प्रमाणहरूले देखाउँदछ कि खोप लगाएका व्यक्तिहरू *COVID-19* बाट सङ्क्रमित हुन सक्ने सम्भावना कम छन् र यदि सङ्क्रमित भए भने पनि, प्रायजसो अवस्थाहरूमा रोग हल्का हुन्छ। धेरैले खोप लगाएका वरपरको समुदाय र धेरैले खोप लगाएका स्थानीय क्याम्पस समुदायले गर्दा, हामीले एकदम कम सङ्क्रमणहरूको अपेक्षा गर्न सक्दछौं। सङ्क्रमित हुनेहरूले सार्ने जोखिम कम छ। हामीले स्थितिलाई नजिकबाट निरन्तर अनुगमन गरिरहँदा, खोपको प्रभावकारिताको बढ्दो मेडिकल प्रमाण र हाम्रो समुदायमा खोप लगाएका व्यक्तिहरूको उच्च सङ्ख्याले गर्दा हामीलाई विश्वास दिलाउँदछ कि हामी थप विशिष्ट क्याम्पस सञ्चालनहरू फेरि शुरू गर्ने योजनाहरूको साथ अगाडि बढ्न सक्दछौं।

हामीले अपेक्षा गरेको शरद सेमेस्टर यसो देखिनेछ:

- **खोप लगाउने:** हामी कर्मचारीहरू, विद्यार्थीहरू र सर्वसाधारणका लागि नि:शुल्क खोप प्रदान गरिरहनेछौं। खोप लगाउन कडा प्रोत्साहन दिइन्छ; तर यो अनिवार्य छैन।

  जब क्याम्पस सामान्य कार्यहरूमा फर्कन्छ, खोप लगाएका व्यक्तिहरू सुरक्षित छन्, तर खोप नलगाएका व्यक्तिहरू छैनन्, त्यसैले विशेष गरी खोप नलगाएकाहरूले मास्क लगाईरहन महत्त्वपूर्ण छ।

  हामीले बुझेका छौं कि केही व्यक्तिहरूको मेडिकल अवस्था छ जसले उनीहरूलाई खोपबाट पूर्ण सुरक्षा पाउनबाट रोक्दछ। यदि तपाईंसँग विशिष्ट मेडिकल चिन्ता छ भने, कृपया तपाईंको विभागीय अशक्तता प्रतिनिधिलाई *(DDR)* सम्पर्क गर्नुहोला।

  विश्वविद्यालयले कुनै व्यक्तिको खोप लगाएको वा नलगाएको स्थिति अरूलाई खुलासा गर्दैन। खोप लगाएको वा नलागएको स्थिति सहकर्मी, सुपरभाईजर, र कर्मचारीहरूसँग साझा गर्ने कुरा व्यक्तिहरूमा निर्भर गर्दछ।

  हामी वरपरका अरूले खोप लगाएका छन् वा छैनन् भनेर जान्नको लागि हामी मध्ये धेरैको स्वाभाविक झुकाव हो, तर यो बिर्सनु हुँदैन कि हामीले आफूलाई सुरक्षित राख्न सक्ने एक्लो उत्तम कार्य भनेको हामी आफैंले खोप लगाउनु हो। एक पटक कुनै व्यक्तिले खोप लगाए भने, सो व्यक्तिसँग उच्च स्तरको सुरक्षा हुन्छ। यदि उनीहरू पोजिटिभ देखिएका छेउमा बसिरहेका भएपनि, यसलाई अब नजिकको सम्पर्क मानिंदैन र क्वारेन्टाइन गर्न आवश्यक पर्दैन। खोपले यति उच्च सुरक्षा प्रदान गर्दछ कि सङ्क्रमणको जोखिम एकदम कम छ।

- **व्यक्तिगत-रूपको काम:** घरैबाट काम गरिरहेका युनिटहरूका कर्मचारीहरू अगस्टमा व्यक्तिगत-रूपको काममा आउन शुरू गर्नेछन्। क्याम्पसको नयाँ घरबाटैको कामको नीति अनुसार, गरैबाट काम गर्ने व्यवस्थाहरू मामला अनुसार विचार गरिनेछन्। मानव संसाधन कार्यालयले धेरै सोधिएका प्रश्नहरू र तालिमहरूका साथ घरैबाट काम गर्ने मार्गदर्शन विकास गरेको छ। तपाईंसँग प्रश्नहरू वा चिन्ताहरू छन् भने कृपया तपाईंको सुपरभाईजरसँग कुराकानी गर्नुहोला।

- **मास्क लगाउने:** स्थानीय र राष्ट्रिय जनस्वास्थ्य मार्गदर्शनसँग मिल्ने गरी मास्कहरू अब आवश्यक पर्दैनन्, तर खोप नलगाएका व्यक्तिहरूको लागि सिफारिस गरिन्छ।
  खोप नलगाएका व्यक्तिहरूले भौतिक दूरी सम्भव नहुने भित्र र बाहिर मास्क लगाएर आफ्नो सुरक्षा गर्न जारी राख्नुपर्दछ। खोप अवस्था ध्यानमा नराखी जो कोहीले मास्क लगाउन छनौट गर्न सक्दछन्। मास्क लगाउन छनौट गर्नाले खोप लगाएको वा नलगाएको सङ्केत गर्दैन।

- **ठाउँ र पहुँच:** अगस्ट देखि प्रभावकारी, हामी क्याम्पसका ठाउँहरूलाई विश्वव्यापी महामारी अघिको मार्गदर्शन अनुसार मिलाउनेछौं। भौतिक दूरी प्रचार गर्नका लागि थप ठाउँको आवश्यक पर्नेछैन; कक्षा कोठाहरू र अन्य ठाउँहरू पूरा क्षमतामा सञ्चालन हुनेछन्। अगस्ट ९ मा पनि प्रभावकारी, *Badger Badge* ठाउँहरूको पहुँच नियन्त्रण गर्ने उपकरणको रूपमा उपलब्ध हुनेछैन।

- **परीक्षण:** कर्मचारीहरूलाई नियमित परीक्षण गर्न आवश्यक पर्नेछैन। आवास हलहरूमा खोप नलगाएका विद्यार्थीहरूले हप्तै पिच्छे परीक्षण गर्नुपर्दछ; क्याम्पस बाहिर बस्ने विद्यार्थीहरूले परीक्षण गर्न आवश्यक छैन। हामी कर्मचारीहरू र विद्यार्थीहरूको लागि निःशुल्क जहिले पनि जान मिल्ने परीक्षण जारी राख्नेछौं।

  जब हामी *Safer Badgers app* (*Badger Badge* सहित) हटाउँदछौं, क्याम्पस अगस्टको शुरूवातमा नयाँ *app* मा परिवर्तन हुनेछ: *MyUHS*। विद्यार्थीहरूको स्वास्थ्य देखभालको सन्दर्भमा *UHS* सँग अन्तर्क्रियाको लागि डिजाइन गरिएको, कर्मचारीहरूले यो *app* खोप लगाउने र *COVID* परीक्षण गर्ने समय बनाउनुका साथै परीक्षण नतीजामा पहुँच दिन पनि सक्नेछन्। यसको वेब संस्करण पनि (*MyUHS* पोर्टल) छ जुन विद्यार्थीहरू र कर्मचारीहरूले पहिले नै प्रयोग गर्दै आएका छन्।

हामीले बुझेका छौं कि यी बदलहरूले प्रश्न र चासो उठाउँन सक्दछन् र हामी यस बदलालसँग रुझ्न सहयोग गर्नको लागि कर्मचारी र व्यवस्थापकहरूलाई धेरै स्रोतहरू प्रदान गर्दैछौं:

- **भर्चुअल कार्यक्रमहरू:** हाम्रो पहिलो कार्यक्रममा, क्याम्पस स्वास्थ्य विशेषज्ञहरूले यी बदलहरूको लागि कसरी तयारी गर्ने र सुरक्षित पुनर्मिलन गर्नेबारे छलफल गरे। अर्को सत्रहरू जुलाई २२ र अगस्ट १२ मा हुनेछन्।

- **पाठ्यक्रमहरू, उपकरणहरू र अरू:** मानव संसाधनको कार्यालयले यस समयमा सुपरभाईजरहरू र कर्मचारीहरूलाई समर्थन गर्न विभिन्न उपकरणहरू र संसाधनहरूको प्रदान गरेको छ। *Learning and Talent Development* टोलीले ६० देखि ९० मिनेटको निःशुल्क कक्षाहरूको संग्रह सिर्जना गरेको छ जुन बदलालसँग रुझ्ने, सहकर्मी र सुपरभाईजरहरूसँग गाह्रो कुराकानी गर्ने, हाइब्रिड टोलीलाई प्रबन्ध गर्न र सँगै काम गर्ने, दिमाग र शरीरको स्वास्थ्यको लागि अभ्यास गर्ने र अरू यस्तै विषयहरूमा केन्द्रित छन्। व्यावसायिक विकासले नयाँ संसाधनहरू सिर्जना गरेको छ र हामी शरद सेमेस्टारअको झन् नजिक पुग्ने क्रममा थप राख्नेछन्।

- **यो शरद सेमेस्टरमा के अपेक्षा गर्ने:** यसमा नयाँ धेरै सोधिएका प्रश्नहरू र नीति र संसाधनहरूको लिङ्कहरू पनि समावेश छन्।

- यदि तपाईंलाई चाहिने कुरा पत्ता लगाउन समस्या भइरहेको छ भने, कृपया covidresponse@vc.wisc.edu ईमेल गर्नुहोला।

विगत १८ महिनामा तपाईंका असाधारण प्रयासहरूका लागि म हाम्रा सबै कर्मचारी र संकायप्रति आभारी छु। म आगामी हप्ताहरूमा तपाईं मध्ये धेरैलाई व्यक्तिगत रूपमा देख्न ईच्छुक छु।

Rebecca M. Blank
कुलपति, *University of Wisconsin–Madison*